# भाग १

## काठमाडौँ महानगरपालिका वडा महिला सञ्जाल (Ward Women Cell) सञ्चालन कार्यविधि, २०७९

**प्रस्तावना :** हिंसा, शोषण, दमन, भेदभाव तथा अन्य कारणले गर्दा अन्यायमा परेका काठमाडौँ महानगरपालिका क्षेत्रभित्र बसोबास गर्ने महिलाहरूलाई वडा तहबाट यथासम्भव छिटो, सरल, सहज र पँहुचयोग्य हुने गरी प्रचलित कानुनबमोजिम न्याय प्राप्त गर्न/गराउन आवश्यक समन्वय, सहयोग तथा सहजीकरणको व्यवस्थालाई काठमाडौँ महानगरपालिका अन्तर्गतको प्रत्येक वडा तहमा संस्थागत सञ्जालमार्फत आवश्यक प्रवन्ध गरी महिलाहरूको न्यायमा पहुँच वृद्धि गर्ने संयन्त्र विकास गर्न वाञ्छनीय भएकोले काठमाडौँ महनागरपालिकाको कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम **"वडा महिला सञ्जाल (Ward Women Cell) सञ्चालन कार्यविधि, २०७९"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"न्यायिक समिति"** भन्नाले काठमाडौँ महानगरपालिकाको न्यायिक समिति सम्झनुपर्छ ।

(ख) **"पीडित वा प्रभावित"** भन्नाले घरेलु, लैङ्गिक, सामाजिक तथा अन्य विभिन्न कारणले हुने हिंसा, जोखिम वा सङ्कटापन्न अवस्थाबाट पीडित वा प्रभावित महिला सम्झनुपर्छ ।

(ग) **"महानगरपालिका"** भन्नाले काठमाडौँ महानगरपालिका सम्झनुपर्छ ।

(घ) **"महिला हिंसा"** भन्नाले कुनै व्यक्तिले महिलालाई दिएको कुनै शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनुपर्छ ।

(ङ) **"वडा समिति"** भन्नाले काठमाडौँ महानगरपालिका अन्तर्गतका वडा समितिमध्ये सम्बद्ध वडाको वडा समिति सम्झनुपर्छ ।

(च) **"विभाग"** भन्नाले काठमाडौँ महानगरपालिकाको कानुन तथा मानव अधिकार विभाग सम्झनुपर्छ ।

(छ) **"समिति"** भन्नाले दफा ३ बमोजिम गठन हुने वडा महिला सञ्जाल सञ्चालन गर्ने समिति सम्झनुपर्छ ।

(ज) **"सहयोग"** भन्नाले अन्यायमा परेका महिलाहरूलाई आवश्यकताअनुसार उपलब्ध गराइने कानुनी तथा मनोवैज्ञानिक परामर्श, पारिवारिक पुनर्मिलन, मेलमिलाप, आर्थिक सहयोग, क्षतिपूर्ति, स्वास्थ्य उपचार, सुरक्षा, सामाजिक सम्मान आदि सम्झनुपर्छ ।

## परिच्छेद-२
## वडा महिला सञ्जालसम्बन्धी व्यवस्था

**३. वडा महिला सञ्जाल :** (१) महानगरपालिकाअन्तर्गतका सबै वडामा वडा महिला सञ्जालको गठन हुने छ ।

(२) उपदफा (१) बमोजिमको सञ्जालमा देहायबमोजिमका पदाधिकारीहरू रहने छन् :

(क) वडा समितिको निर्वाचित महिला सदस्य - संयोजक

(ख) वडा समितिको निर्वाचित दलित महिला सदस्य - सदस्य

(ग) महिला हिंसा विरुद्ध वडा तहमा क्रियाशील संस्थाहरूको प्रतिनिधिमध्येबाट संयोजकले छनोट गरेका दुई जना - सदस्य

(घ) नजिकको प्रहरी कार्यालयका प्रमुख वा निजले तोकेको प्रतिनिधि (सम्भव भएसम्म महिला) एक जना - सदस्य

(ङ) महिला अधिकारको क्षेत्रमा काम गर्ने मेलमिलापकर्ता/कानुन व्यवसायी/प्राध्यापक/ पत्रकार/समाजसेवीमध्येबाट संयोजकले चयन गरेको एक जना महिला अधिकारकर्मी - सदस्य

(च) वडा सचिव - सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको सञ्जालमा सम्बन्धित क्षेत्रका विषय विज्ञलाई आमन्त्रण गर्न सक्ने छ ।

४. **वडा महिला सञ्जालको काम, कर्तव्य र अधिकार :** वडा महिला सञ्जालको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :

(क) महिला हिंसा निवारणका सम्बन्धमा महानगरपालिकाबाट स्वीकृत नीति, योजना तथा कार्यक्रमको वडा तहबाट कार्यान्वयन गर्ने/गराउने ।

(ख) हिंसाबाट पीडित वा प्रभावित महिलाहरूको उजुरी वा निवेदन लिई वडा स्तरबाट कानुनबमोजिम गर्न सकिने अधिकतम कार्य गर्ने ।

(ग) हिंसा पीडित महिलालाई कानुनी तथा मनोवैज्ञानिक परामर्श उपलब्ध गराउने ।

(घ) पीडितलाई तत्काल उपचार, स्वास्थ्य सेवा, राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन पहल गर्ने ।

(ङ) वडा क्षेत्रभित्र महिला हिंसासम्बन्धी घटेका घटनाहरूको अभिलेख अद्यावधिक गर्ने/गराउने ।

(च) हिंसाबाट प्रभावित वा पीडित भई अन्यायमा परेका महिलाहरूलाई न्याय उपलब्ध गराउन प्रचलित कानुनबमोजिम छलफल, मेलमिलाप, क्षतिपूर्ति, पुनर्स्थापना, पारिवारिक पुनर्मिलनका कार्यहरू गर्ने/गराउने ।

(छ) प्रचलित कानुनबमोजिम कानुनी कारबाहीको लागि न्यायिक समिति, स्थानीय प्रहरी वा अन्य निकायमा सम्बद्ध कागजात सहित कारबाहीको लागि पठाउनुपर्ने देखिएमा यथाशक्य छिटो प्रेषित गर्ने ।

(ज) वडा स्तरमा सञ्चालन हुने मेलमिलाप केन्द्र, वडा समिति, विभाग, न्यायिक समितिसँग निकट सम्पर्क, समन्वय र सहयोगमा रही कार्य गर्ने/गराउने ।

(झ) संविधान तथा कानुन प्रदत्त महिलाको हक अधिकारको प्रचलन तथा प्रयोगलाई प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन गर्ने/गराउने ।

(ञ) पीडित तथा प्रभावित महिलाको लागि कानुनी सहायता सेवा, निःशुल्क स्वेच्छिक (Pro Bono or unpaid) कानुनी सेवा उपलब्ध गराउन विभिन्न सङ्घसंस्थासँग सहकार्य गरी आवश्यक पहल, प्रबन्ध तथा सहजीकरण गर्ने ।

(ट) वडा क्षेत्रलाई महिला हिंसा निषेधित तथा मानवीय मर्यादा कायम भएको क्षेत्रका रूपमा विकास गर्ने/गराउने ।

(ठ) महिला हिंसा निवारणका लागि जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।

(ड) सामाजिक न्याय तथा सामाजिक पुनर्स्थापनाका लागि न्यायिक तथा अर्धन्यायिक निकाय, सामुदायिक सङ्गठन, लोककल्याणकारी संस्था, गैह्रसरकारी संस्थाहरूसँग आवश्यक समन्वय तथा सहकार्य गर्ने ।

(ढ) स्थानीय विवादको समाधान मेलमिलापको प्रक्रियाबाट गर्न/गराउन जनप्रतिनिधि, विवादका पक्ष, मेलमिलापकर्ता, स्थानीय बासिन्दा, विभाग तथा वडाका कर्मचारी, बुद्धिजीवी, समाजसेवीसँग आवश्यक समन्वय, सहकार्य र सहयोग गर्ने ।

(ण) महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसम्बन्धी हकको सम्मान, संरक्षण र परिपूर्ति गर्न सम्बद्ध सरकारी तथा गैह्रसरकारी निकायलाई सहयोग गर्ने/गराउने ।

(त) महिला हिंसा निवारणका लागि महानगरपालिकाले तोकेका अन्य कार्यहरू गर्ने/गराउने ।

५. **समितिको बैठक र निर्णय प्रक्रिया** : (१) सामान्यतः समितिको बैठक महिनाको एक पटक बस्ने छ ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्ने छ ।

(३) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिने छ ।

(४) समितिको बैठकमा आवश्यकताअनुसार वडा अध्यक्ष वा अन्य विषय विज्ञसमेतलाई आमन्त्रण गर्न सक्ने छ ।

(५) समितिको अलग्गै निर्णय पुस्तिका हुने छ र समितिको निर्णय सदस्य सचिवले प्रमाणित गराई राख्नुपर्ने छ ।

(६) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुने छ ।

६. **उपप्रमुखले अनुगमन गर्न सक्ने :** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि समितिले महिला हिंसा निवारण सम्बन्धमा वडा स्तरमा गरेका काम कारबाहीहरूको उप-प्रमुखले जुनसुकै समयमा अनुगमन तथा सुपरीवेक्षण गर्न सक्ने छ ।

(२) उपप्रमुखले उपदफा (१) बमोजिम अनुगमन तथा सुपरीवेक्षण गरेपश्चात् आवश्यकताबमोजिम थप समन्वय, सहयोग वा सहजीकरण गर्न सक्ने छ ।

## परिच्छेद ३
## विविध

७. **प्रतिवेदन पेस गर्ने** : (१) समितिले आफूले गरेको कार्यको चौमासिक प्रतिवेदन न्यायिक समितिसमक्ष पेस गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम पेस हुन आएको प्रतिवेदन सम्बन्धमा न्यायिक समितिले आवश्यक कारबाही गर्ने छ ।

८. **बैठक भत्ता** : समितिका संयोजक तथा सदस्यहरूले समितिको बैठकमा भाग लिएबापत महानगरपालिकाले तोकेबमोजिमको रकम बैठक भत्ताबापतको रूपमा पाउने छन् ।

९. **निर्देशन दिन सक्ने :** (१) उपप्रमुख, न्यायिक समिति वा वडा समितिले महिला हिंसा रोकथाम तथा नियमनको कुनै कामकारबाहीको सन्दर्भमा आवश्यक निर्देशन दिन सक्ने छ ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुने छ ।

**१०.** **अधिकार प्रत्यायोजन :** समितिले समितिको संयोजक वा कुनै सदस्यलाई अधिकार प्रत्यायोजन गरी काम गराउन सक्ने छ ।

स्वीकृति मिति : २०७९/०५/१२

**आज्ञाले,**
**लोकनाथ पौड्याल**
**प्रमुख प्रशासकीय अधिकृत**

**नेपाल प्रज्ञा-प्रतिष्ठान कमलादी, काठमाडौंमा मुद्रित । फुटकर मूल्य रु. ५०/-**